네 팔 어

# विदेशी कामदारको अधिकार संरक्षण प्रणाली सम्बन्धी जानकारी

## भेदभाव, मानवअधिकार उल्लङ्घन जस्ता अन्यायपूर्ण व्यवहार प्रतिबन्धित छन् ।

### ①(काम गर्ने सर्त/अवस्था ) कोरियाली कामदारहरूको तुलनामा तलबमा भेदभाव, काम गर्ने अवस्थाको भिन्नता, तथा तलब रोक्का

- "कम्पनीलाई गाह्रो छ", "विदेशी भएकोले" भन्दै तलब तथा विभिन्न बोनस (जस्तैः ओभरटाइम बोनस, बिदा बोनस आदि), सेवा समाप्ति भत्ता नदिने, न्यूनतम तलबको उल्लङ्घन गर्ने
- "काम धेरै छ", " पैसा कमाउन आएको होइन?" भन्दै विश्राम समय र काम गर्ने समयको उल्लङ्घन, वार्षिक तलबसहितको बिदा नदिने आदि

### ②(मौखिक तथा शारीरिक दुर्व्यवहार) कामको निर्देशन वा तालिमको नाममा गरिने मौखिक तथा शारीरिक दुर्व्यवहार, र हेपाइँ

- कामको निर्देशन पालना नगरेको भन्दै गालीगलौज गर्ने वा शारीरिक आक्रमण गर्ने जस्ता कार्यस्थलभित्रका मौखिक तथा शारीरिक दुर्व्यवहार , हेपाइँ
- कामको निर्देशन (तालिम) को बहानामा वा होस्टेल (बस्ने ठाउँ) भित्र अनुचित वा अनावश्यक स्पर्श गर्ने जस्ता यौन दुर्व्यवहार वा हिंसा

### ③(औद्योगिक दुर्घटना) काम गर्दा भएको दुर्घटना लुकाउने वा क्षतिपूर्ति दाबी गर्न नदिने/रोक्ने

- काम गर्दा दुर्घटना भएमा त्यसको रिपोर्ट नगर्ने वा लुकाउने
- विदेशी भएको कारण देखाएर औद्योगिक दुर्घटना बीमा वा क्षतिपूर्ति दाबी गर्न रोक्ने

### ④(मानवअधिकार उल्लङ्घन) कार्यस्थल बाहिर गरिने विभिन्न प्रकारका मानवअधिकार उल्लङ्घनका व्यवहार

- अवैध अस्थायी संरचना (जस्तैः प्लास्टिक हाउस, कन्टेनर आदि) मा आवास (बस्ने ठाउँ) उपलब्ध गराउने, अत्यधिक खानेबस्ने खर्च कटौती गर्ने
- परिचयपत्र, बैंक खाता जस्ता कागजात कब्जा गरी आवतजावतको स्वतन्त्रता सीमित गर्ने जस्ता मौलिक अधिकार हनन् गर्ने व्यवहारहरू

## विभेद वा अन्यायपूर्ण व्यवहार भयो भने उजुरी गर्न सकिन्छ।

| | |
|---|---|
| **उजुरी केन्द्र** | देशभरका श्रम कार्यालयका सेवा डेस्कहरू, रोजगार केन्द्रका बहुभाषिक परामर्शदाता, विदेशी कामदार परामर्श केन्द्र आदि<br>※ विदेशी कामदार परामर्श केन्द्र (T.1577-0071) मार्फत 17 वटा भाषामा परामर्श र उजुरी सेवाहरू उपलब्ध छन्।<br><स्थान र सम्पर्क जानकारीका लागि पछाडिको पाना हेर्नुहोस्> |
| **विशेष उजुरी अवधि** | **'25. 8. 11. (सोमबार) ~ 8. 29. (शुक्रबार)** |
| **उजुरी तथा परामर्शको दिन** | **'25. 8. 20.((बुधबार) देखि हरेक बुधवार, रोजगार केन्द्रको विदेशी जनशक्ति टिमद्वारा "मोबाइल उजुरी केन्द्र" सञ्चालन हुनेछ।** |

"उजुरी दिएको आधारमा कुनै प्रकारको हानी वा अन्यायपूर्ण व्यवहार हुन नदिन कानूनी सुरक्षा प्रदान गरिने छ।"

## विभेद वा अन्यायपूर्ण व्यवहार भोग्नुपरेमा कार्यस्थल परिवर्तन सम्भव छ।

- विदेशी कामदारले देशमा प्रवेश गर्दा गरेको श्रम सम्झौता अनुसार सोही कार्यस्थलमा निरन्तर काम गर्नु नै मूल नियम हो। तर कानूनमा उल्लेखित परिस्थितिहरु उत्पन्न भएमा कार्यस्थल परिवर्तन गर्न सकिन्छ। ((पहिलो 3 वर्षमा 3 पटक + त्यसपछिका 1 वर्ष 10 महिनाका लागि 2 पटक )
- विशेषगरी, कम्पनी बन्द वा सञ्चालन रोकिएको अवस्था, रोजगारदाताद्वारा श्रम सर्तको उल्लङ्घन, अन्यायपूर्ण व्यवहार, वा आवास मापदण्डको उल्लङ्घनजस्ता अवस्थामा — सम्बन्धित तथ्य प्रमाणित भएपछि, रोजगारदाताको सहमति बिना पनि कार्यस्थल परिवर्तन गर्ने अधिकारमा कुनै सीमा रहने छैन।

रोजगार तथा श्रम मन्त्रालय

# विदेशी कामदार परामर्श तथा उजुरी केन्द्र सम्पर्क विवरण

● विदेशी कामदार परामर्श केन्द्र (T. 1577-0071)

● कोरिया भरिका श्रम कार्यालयका बहुभाषिक परामर्शदाताको सम्पर्क विवरण (2025.08 अनुसार)

| कार्यालय | उपलब्ध भाषा(हरू) | परामर्शदाता सम्पर्क नम्बर |
|---|---|---|
| केन्द्रीय कार्यालय | उजबेकी, रसियन | 032-460-7135 |
| | थाई | 032-460-7136 |
| | भियतनामी | 032-460-7137 |
| इन्चोन उत्तर शाखा | क्याम्बोडियन | 032-540-2097 |
| बुचोन शाखा | बंगलादेशी, अङ्ग्रेजी | 031-999-0907 |
| | इन्डोनेसियाली | 031-999-0908 |
| उइजोंगबु शाखा | मङ्गोलियन | 031-828-0824 |
| | नेपाली, पाकिस्तानी (उर्दू) | 031-828-0823 |
| | भियतनामी | 031-828-0902 |
| | क्याम्बोडियन | 031-828-0901 |
| | म्याम्नर भाषा | 031-828-0903 |
| ग्यॉन्ग्गी (Gyeonggi) कार्यालय | उजबेकी | 031-290-0879 |
| | म्याम्नर भाषा | 031-289-2208 |
| | क्याम्बोडियन | 031-290-0880 |
| | नेपाली | 031-290-0876 |
| | थाई | 031-290-0888 |
| आन्याङ शाखा | भियतनामी | 031-463-0774 |
| आन्सान शाखा | म्याम्नर भाषा | 031-496-1923 |
| प्योङ्तेक(Pyeongtaek) शाखा | इन्डोनेसियाली | 031-646-1217 |
| | चिनियाँ भाषा | 031-646-1213 |
| वोनजु शाखा | अङ्ग्रेजी, हिन्दी | 033-769-0952 |
| बुसान कार्यालय | अङ्ग्रेजी, इन्डोनेसियाली | 051-860-2026 |
| बुसान पूर्वी शाखा | इन्डोनेसियाली | 051-559-6606 |
| बुसान उत्तर शाखा | उजबेकी | 051-330-9925 |
| चाङ्वोन शाखा | चिनियाँ भाषा | 055-239-3553 |
| | फिलिपिनी, अङ्ग्रेजी | 055-239-3552 |
| | उजबेकी, रसियन | 055-239-3551 |
| | नेपाली, हिन्दी | 055-239-3554 |
| उल्सान शाखा | उजबेकी, रसियन | 052-228-1913 |

| कार्यालय | उपलब्ध भाषा(हरू) | परामर्शदाता सम्पर्क नम्बर |
|---|---|---|
| याङ्सान शाखा | म्याम्नर भाषा | 055-330-6448 |
| | अङ्ग्रेजी, रसियन | 055-330-6450 |
| | क्याम्बोडियन | 055-330-6451 |
| | चिनियाँ भाषा | 055-330-6432 |
| | नेपाली, हिन्दी | 055-330-6446 |
| जिन्जु शाखा | भियतनामी | 055-760-6758 |
| | भियतनामी | 055-760-6759 |
| Tongyeong शाखा | भियतनामी | 055-730-1922 |
| तेगु कार्यालय | चिनियाँ भाषा | 053-667-6047 |
| | नेपाली, पाकिस्तानी (उर्दू) | 053-667-6048 |
| तेगु पश्चिम शाखा | क्याम्बोडियन | 053-605-6574 |
| | इन्डोनेसियाली | 053-605-6576 |
| | फिलिपिनी, अङ्ग्रेजी | 053-605-6575 |
| पोहाङ शाखा | भियतनामी | 054-288-3500 |
| ग्वाङ्जु कार्यालय | नेपाली | 062-609-8686 |
| | क्याम्बोडियन | 062-609-8687 |
| | भियतनामी | 062-609-8688 |
| | इन्डोनेसियाली, पूर्वी टिमोर भाषा | 062-609-8689 |
| इक्सान शाखा | नेपाली, हिन्दी | 063-839-0040 |
| गुनसान शाखा | भियतनामी | 063-450-0607 |
| Daejeon कार्यालय | भियतनामी | 042-470-8326 |
| | क्याम्बोडियन | 042-470-8328 |
| चोङ्जु शाखा | फिलिपिनी, अङ्ग्रेजी | 043-229-0755 |
| चोनान शाखा | नेपाली | 041-620-9582 |
| | भियतनामी | 041-620-7465 |
| | क्याम्बोडियन | 041-620-9553 |
| | किर्गिज भाषा, रसियन | 041-620-9583 |
| चुङ्जु कार्यालय | नेपाली, अङ्ग्रेजी | 043-850-4052 |
| | भियतनामी | 043-850-4051 |
| बोर्योङ शाखा | भियतनामी | 041-930-6267 |